स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यस वर्ष नेपाली फिल्मबीच बक्स अफिसमा रेकर्ड बनाउने होडबाजी चलिरहेको छ। ६ महिनामा तीन फिल्मले व्यापारमा रेकर्ड बनाइसकेका छन्। यस वर्ष सर्वाधिक कमाउने पहिलो फिल्म 'ऊनको स्वीटर' हो। यसलाई गत कात्तिकमा फिल्म 'जेरी अन टप'ले उछिन्यो। २१ दिनमा यस वर्षका सबै रेकर्डहरू तोडेको हो। 'जेरी अन टप'ले बिहीबारसम्म सिनेपा: बक्स अफिसमा १२ करोड १४ लाख रुपैयाँ ग्रस कमाएको देखिन्छ।

आजको विचार...



प्राडा. शान्तिकृष्ण अधिकारी

भुमरीमा... (दुई पेजमा)

नयाँदिल्ली, असामलगायत स्थानमा आगामी हप्ता प्रदर्शन गरिने जनाइएको छ। गायक सुजन चापागाईं, निर्देशक नवीन चौहान, अभिनेता-अभिनेत्रीसहितको समूहले दार्जिलिङ, सिलिगुडी, गान्तोक, कर्स्याङ र कालिम्पोङका हलमा पुगेर दर्शकसँग प्रत्यक्ष भेटघाट गर्ने कार्यक्रमसमेत तय गरिएको छ। राईले भने, 'सिक्किम सरकार र स्थानीय समुदायले देखाएको साथले भविष्यमा नेपाली चलचित्रको उपस्थिति भारतभर उल्लेखनीय बनाउन मद्दत गर्नेछ।



❒ वर्ष ३१ अंक ११७ ❒ २०८२ मंसिर ८ गते सोमबार 24 November 2025, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### लुम्बिनीमा मन्त्रिपरिषदका यस्ता छन् निर्णय

**लुम्बिनी,** मंसिर ७/ लुम्बिनी प्रदेश सरकारको आइतबार बसेको मन्त्रिपरिषद् बैठकले विभिन्न सातवटा निर्णय गरेको छ । बैठकले उद्योग, पर्यटन तथा यातायात मन्त्रालयले पेस गरेको बाधा अड्काउ फुकाउसम्बन्धी प्रस्ताव स्वीकृत गर्नेलगायत सात निर्णय गरेको हो ।

भौतिक पूर्वाधार तथा विकासमन्त्री भूमिश्वर ढकालका अनुसार सडक सवारी, यातायात तथा परिवहन ऐन, २०७६ को दफा ११९ को अधिकार प्रयोग गरी प्रदेश सरकारले बाधा अड्काउ फुकुवा गर्दै निर्देशनालयले गर्नुपर्ने अत्यावश्यक कार्य निर्देशनालय गठन नभएसम्म उद्योग, पर्यटन तथा यातायात मन्त्रालयबाट सम्पादन गर्ने निर्णय गरिएको छ । उक्त मन्त्रालयकै तर्फबाट लुम्बिनी प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्न बनेको विधेयक प्रदेशसभामा पेस गर्न अनुमति दिने निर्णय भएको छ ।

यस्तै, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले पेस गरेको प्रदेश जीवनाशक विषादी व्यवस्थापन तथा नियमनसम्बन्धी विधेयक प्रदेशसभामा पठाउन बैठकले स्वीकृति प्रदान गरेको छ । सामाजिक विकास मन्त्रालयबाट दलित समुदायको अधिकार सुनिश्चित गर्ने विधेयक तथा अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमसम्बन्धी कार्यविधि, २०८२ पनि बैठकले पारित गरेको भौतिक पूर्वाधार तथा विकासमन्त्री ढकालले जानकारी दिए ।

# रामपुरमा धुमधामका साथ रामसीता विवाह उत्सव मनाउँदै

## नगर सरकारले दियो सार्वजनिक विदा

**हाम्रा संवाददाता**

**पाल्पा,** मंसिर ७/ राम र सीताबीचको अटुट प्रेम र आदर्श विवाहलाई यहाँको रामपुर नगरपालिका -३ सीताकुण्डमा फेरि एक पटक जीवन्त पार्न लागिएको छ । आदर्श जोडीको वैवाहिक सम्बन्धले साँस्कृतिक तथा धार्मिक सम्बन्ध प्रगाढ बनाउने मात्र नभई आदर्श विवाहको महत्वलाई पनि उजागर गर्ने गर्दछ । जसको साक्षी यहाँका हजारौं श्रद्धालु भक्तजन बन्ने छन् ।

विवाह पञ्चमीको अवसरमा पारेर यहाँ रामसीता विवाह उत्सव नै मनाउन लागिएको छ । आगामी मंसिर ९ गते हुन लागेको उत्सवको तयारीको कार्य अन्तिम चरणमा पुगेको रामपुर नगरपालिकाले जनाएको छ । नगरपालिकाले पत्रकार सम्मेलन गरी तयारीको विषयमा जानकारी गराएको छ । वडा नं. ५ बाट बेहुला पक्ष भएर जन्त जाने र वडा नं. ३ र ४ का स्थानीय र सरोकारवालाहरुले माइती पक्षको रुपमा स्वागत गर्ने गर्ने छन् । यहाँको वडा नं. ५ स्थिति कालीगण्डकी



किनारको रामघाट त्रेतायुगमा भगवान रामचन्द्र वनवासको क्रममा स्नान गरेको पवित्र भुमि हो । त्यसैले यहाँबाट जन्ती निकाल्ने परम्परा बसालिएको हो ।

यस्तै वडा नं. ३ स्थित सीताकुण्डमा रामपुर क्षेत्रमा घुम्ने क्रममा भगवान सीता रजस्वाला भएको समयमा भगवान रामले वाण प्रहार गरी पानी निकालेर नुहाउने व्यवस्था मिलाएका थिए । जसले गर्दा विवाह उत्सवमा सीताकुण्डमा जन्तीलाई स्वागत गर्ने गरी तयारी मिलाइएको नगरपालिकाले जनाएको छ । विवाह उत्सवमा जन्तीसँगै सीताकुण्डसम्म पुग्ने धर्मवालम्बीहरुको सहजताको लागि सडक स्तरोन्नति तथा सीताकुण्डमा गाडी पार्किङका लागि व्यवस्थापन गरिएको छ । नगर भित्र रहेका भगवान राम र सीतासँग सम्बन्धित ऐतिहासिक धार्मिक स्थलहरुको महत्व उजार गर्न यस वर्ष सीताकुण्डमा विवाह पञ्चमी भव्यताका साथ मनाउन लागिएको नगर प्रमुख रमणबहादुर थापाले बताए । नगर भित्रका महत्वपूर्ण धार्मिकस्थलको संरक्षणसँगै महिमाको प्रचार-प्रसार गरी धार्मिक पर्यटनसँग जोड्ने उद्देश्यले महोत्सव गर्न लागिएको उनको भनाई छ । भगवान रामले विचरण गरेको पुण्यभूमि भएकाले सोही आधारमा रामपुर नामाकरण भएको नगर प्रमुख थापाले बताए । उनले सीताकुण्ड परिसरको सरसफाईलाई ध्यानमा राख्दै प्लाष्टिकजन्य सामाग्री निषेध गरिएको उल्लेख गरे । उत्सवमा सहभागी हुन रामपुर नगरसँगै कालीगण्डकी वेशीका सरोकारवाला सबैलाई आग्रह समेत गरिएको छ ।स्कन्दपुराण, आनन्द रामायण र कालीदासको मेघदुतमा समेत सीताकुण्डको बारेमा उल्लेख भएको धार्मिक व्यक्ति सन्दिप रानाले बताए । उनले भने "सीताकुण्डको महिमा छुट्टै रहेको छ । यहाँ भाकल गरेमा मनोकामना पुरा हुन्छ भन्ने जन विश्वास रहेको छ ।" कुण्डमा पाईने जंगली धानको फरक विषेशता रहेको समेत उनले बताए । माइती पक्षको तर्फबाट जन्तको स्वागत, मन्दिरको सरसफाई, खाना तथा प्रसादी व्यवस्थापनका लागि वडा नं. ३ र ४ का स्थानीय, टोल विकास समितिहरु जुटिरहेको रानाले जानकारी दिए । स्वागतका लागि १२ स्थानमा स्वागतद्वारा निर्माण गरिने छ ।-

(*बाँकी अन्तिम पेजमा...*)

## वातावरण स्वच्छ राखौं ।

-धुवाँ तथा धुलो उडाउने कार्य नगरौं,
-फोहोर तथा प्लास्टिकजन्य पदार्थ नजलाऔं,
-जथाभावी फोहोर नफालौं,
-कुहिने र नकुहिने फोहर छुट्याएर व्यवस्थापन गरौं,
-घर, टोल तथा सडक सफा राखौं,
-घर वरपर बोटविरुवा लगाऔं,
-सवारी साधनबाट निस्किने धुवाँ नियन्त्रण गरौं,
-वातावरण प्रदूषण नियन्त्रणका लागि सामूहिक प्रयास गरौं ।
सफा वातावरण, स्वस्थ जीवन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सडक मापदण्डभित्रका बासिन्दालाई क्षतिपूर्ति दिइँदै

**गुल्मी,** मंसिर ७ / मदन भण्डारी राजमार्गअन्तर्गत रिडी-तम्घास सडक क्षेत्रका स्थानीयलाई क्षतिपूर्तिबापतको रकम उपलब्ध गराउन सुरु गरिएको छ । मदन भण्डारी राजमार्ग योजना कार्यालयले उक्त क्षेत्रमा सडक स्तरोन्नतिका क्रममा सडक मापदण्डभित्र पर्ने घरटहरा र संरचनाको रकम उपलब्ध गराउन थालेको हो ।

रिडी-तम्घास सडकमा मदन भण्डारी राजमार्ग योजना कार्यालयले क्षतिपूर्तिबापत स्थानीयलाई हालसम्म एक करोड ५२ लाख भुक्तानी गरिसकेको सूचना अधिकारी एवं इन्जिनियर हुमनाथ पौडेलले जानकारी दिए । यसपटक कम बजेट विनियोजन भएका कारण यस आर्थिक वर्षमा ५० प्रतिशतमात्र उपलब्ध



गराइएको उनले बताए । कार्यालयले रिडी-तम्घास सडकखण्डमा सडक मापदण्डभित्र पर्ने २७ घरटहरा तथा संरचनाको क्षतिपूर्ति उपलब्ध गराइसकेको छ । उक्त खण्डमा क्षतिपूर्तिबापत पाँच करोड २३ लाख ६१ हजार मूल्याङ्कन गरिएको छ । सो मूल्याङ्कनमध्ये हालसम्म एक करोड ५२ लाखमात्र भुक्तानी उपलब्ध गराएको कार्यालय प्रमुख रमेश चौधरीले जानकारी दिए ।

-(*बाँकी अन्तिम पेजमा ...*)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## लय समात्न नसकेको अर्थतन्त्र

अर्थतन्त्र सुध्रिएको दाबी गरिए पनि मुलुकको समग्र आर्थिक अवस्था भने सन्तोषजनक बन्न सकेको छैन । मुलुकको आन्तरिक उत्पादन, उपभोग, लगानी, पुँजी निर्माण, रोजगारी सिर्जनाजस्ता आर्थिक पक्षहरू सकारात्मक देखिएका छैनन् । यति मात्र होइन, मुलुकको वित्तीय अवस्थामा समेत सन्तुलन आउन सकेको छैन । सरकारको आम्दानीभन्दा खर्चको अनुपात ज्यादा हुँदा मुलुकमा वित्तीय असन्तुलन पैदा भएको छ । यस्तो असहज अवस्था सिर्जना हुनुका पछाडी आन्तरिक अर्थतन्त्र चलायमान हुन नसक्नु नै मुख्य कारक तत्वका रूपमा हेरिएको छ ।

बैंकको नाफा घट्नु, कर्जा असुलीमा समस्या देखिनु र खराब कर्जा बढ्नु अर्थतन्त्रको गति सुस्त रहेका प्रस्ट संकेत दिएका छन् । चालु आर्थिक वर्षको पहिलो त्रैमासमा २० वाणिज्य बैंकले १३ अर्ब १४ करोड रुपैयाँ नाफा कमाएका छन्, जुन अघिल्लो वर्षको सोही अवधिभन्दा झन्डै २० प्रतिशत कम हो । सोही अवधिमा बैंकहरूको खराब कर्जा भने बढेको छ । गत वर्ष खराब कर्जा ४ दशमलव शून्य ४ प्रतिशत रहेकोमा यस वर्ष बढेर ४ दशमलव ८६ प्रतिशत पुगेको छ । यी तथ्यांकले बैंकिङ क्षेत्र मात्रै होइन, देशको समग्र अर्थतन्त्रमै पनि दबाब बढ्दै गएको देखाएको छ । राजनीतिक अस्थिरता, अविरल वर्षाले उत्पन्न प्रकोपमा भएको जनधनको क्षति र जेनजी आन्दोलन र फेरि आन्दोलन हुने आशंकाले बजारमा देखिएको अन्योलका कारण बैंकहरुको नफा घट्दै गएको छ ।

अर्थतन्त्र कमजोर हुँदै गएको अवस्थामा उद्योगी तथा व्यवसायीलाई आवश्यक ऋण दिन सक्ने अवस्था पनि छैन। यसरी अर्थतन्त्रमा चौतर्फी दबाब परेको देखिन्छ। देशको अर्थतन्त्र सुदृढ बनाउन आन्तरिक उत्पादनको महत्वपूर्ण भूमिका हुन्छ । आन्तरिक उत्पादनले आयातलाई विस्थापित गर्न नसक्दा आयातले नै आवश्यकता पूर्ति गरेको अवस्था छ । आयातमुखी अर्थन्त्रमा देशको सीमित विदेशी मुद्रा पनि यसैको भुक्तानीमा खर्च गर्नुपर्ने हुन्छ । निर्यात न्यून भएकाले सञ्चित विदेशी मुद्रा पनि खर्च गर्नुपर्ने बाध्यताले झनै अर्थतन्त्रमा दबाब पर्ने देखिन्छ। जसले जे-जसरी व्याख्या गरे पनि अहिले नेपालको अर्थतन्त्र सकारात्मक छैन। खासगरी राजस्व, पुँजीगत खर्च,सरकारी कोषमा परेको चाप, विदेशी मुद्रा सञ्चिति, ब्याजदर, आन्तरिक उत्पादन, बढ्दो आयात र घट्दो निर्यातजस्ता अर्थतन्त्रका आधारभूत क्षेत्र नै खस्किएका देखिन्छन्। तसर्थ यिनीहरूको सुधार नगरी अर्थतन्त्रले लय लिन सक्दैन। त्यसतर्फ वर्तमान सरकारले ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

उडाउने सपना देखाएर
पखेटा काटिदिने धेरै छन यहाँ ।
*(सुनिल शर्माको **फेसबुक स्टाटसबाट** www.facebook.com/Sunil.Sharma)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# भुमरीमा विश्वविद्यालय



## प्राडा. शान्तिकृष्ण अधिकारी

***विश्वविद्यालय सञ्चालन गर्ने तौरतरिका तय गर्ने उपकुलपति, शिक्षाध्यक्ष र रजिष्ट्रारको पदमा आसीन भएकाहरूले नै हो । त्यसैले त्रिविका पदाधिकारीहरूले अध्ययन गरी निर्णय गरेर आह्वान गरिएको विज्ञापन कानुनत: मान्य होला तर यसले किन सन्तुष्टि प्रदान गर्न सकेन भन्ने चाहिँ विश्वविद्यालयका पदाधिकारीहरूका निमित्त सोचनीय हुनुपर्दछ । नेपालका विश्वविद्यालयहरूमा चाँडो भनेको चार वर्षमा एकपटक विज्ञापन खुल्ने गर्दछ ।***

त्रिभुवन विश्वविद्यालय (त्रिवि) ले अहिले ठूलै संख्यामा पदपूर्ति र पदोन्नति गर्नेगरी विज्ञापन आफवान गरेको छ र यसमा आवेदन दिने समय केही दिन पहिलेमात्रै सकिएको छ । विभिन्न विषयका उपप्राध्यापकदेखि सहप्राध्यापक हुँदै प्राध्यापकसम्मका पदमा आन्तरिक एवं खुला प्रतियोगिताका लागि यति धेरै संख्यामा विज्ञापन खुल्दा शिक्षित युवा तथा त्रिविमा कार्यरतहरूमा उत्साह पैदा हुनुपर्ने हो तर अधिकांशमा तनाव एवं आक्रोश देखिएको छ । यो विज्ञापनबाट पदोन्नतिको पर्खाइमा रहेका प्राध्यापकहरूलाई सन्तुष्टि प्रदान गर्न सकेको पाइँदैन । त्रिविलाई कुन पदमा कुन तहको कति प्राध्यापक आवश्यकता पर्दछ निर्धारण गर्ने त्रिवि कार्यकारी परिषद्ले हो भन्नेमा कसैमा शंका छैन । कतिपय विषयमा दरबन्दी खाली भए पनि आवश्यकताका आधारमा विज्ञापन गर्ने कि नगर्ने भन्ने निर्णय गर्ने अधिकार त्रिविका पदाधिकारीहकै हो भन्नेमा पनि सबै जानकार नै छन् । विश्वविद्यालय सञ्चालन गर्ने तौरतरिका तय गर्ने उपकुलपति, शिक्षाध्यक्ष र रजिष्ट्रारको पदमा आसीन भएकाहरूले नै हो । त्यसैले त्रिविका पदाधिकारीहरूले अध्ययन गरी निर्णय गरेर आफवान गरिएको विज्ञापन कानुनत: मान्य होला तर यसले किन सन्तुष्टि प्रदान गर्न सकेन भन्ने चाहिँ विश्वविद्यालयका पदाधिकारीहरूका निमित्त सोचनीय हुनुपर्दछ । नेपालका विश्वविद्यालयहरूमा चाँडो भनेको चार वर्षमा एकपटक विज्ञापन खुल्ने गर्दछ । पदोन्नतिको आशामा बसेका प्राध्यापकहरूका निम्ति यसरी चार वर्षमा खुलेको विज्ञापनले महोत्सव सरहको उल्लास दिनुपर्ने हो तर यही विज्ञापन किन यति धेरै विवादित बन्न पुग्यो भन्नेमा विश्वविद्यालय सम्वेदनशील हुनैपर्दछ । आफूमा रहेको अधिकारलाई उपयोग गर्दै आफ्नो विवेकमा सबै सहमत हुनुपर्दछ भन्ने मान्यताका साथ विश्वविद्यालय पदाधिकारीहरू अडिग रहे भने कार्यरत प्राध्यापकहरूमा आत्मबल घट्न गई विश्वविद्यालयकै गुणस्तरमा ह्रास आउने सम्भावना माथि पनि विश्लेषण हुन जरुरी छ । यही प्रसंगलाई लिएर प्राध्यापक बहस चौतारी नामक संस्थाले केही दिन अघि एक बहस कार्यक्रमको आयोजना गरेको थियो । त्यसमा प्रत्यक्ष रूपमा करिब डेढ सय प्राध्यापक जोडिएर सक्रिय सहभागिता जनाए भने जुम प्रविधिमा आयोजित सो कार्यक्रमको प्रत्यक्ष प्रसारण डेढ हजारभन्दा बढीले सुनेका र हेरेका थिए । कार्यक्रममा दुई दर्जन जतिले आआफ्ना धारणा राख्दा विज्ञापन ठीकै छ र यसले सबैलाई समेटेको छ भन्ने कोही पनि पाइएनन् ।

समग्रमा भन्नुपर्दा विज्ञापन हचुवा वा नियोजित रूपमा प्रकाशन गरिएको भन्नेमा नै अधिकांश प्राध्यापकहरूको धाराणा प्रसारित थियो । विशिष्टताका आधारमा भन्दै लिखित प्रतियोगिताबिना नै उपप्राध्यापकमा पदपूर्ति गर्ने विश्वविद्यालयको मनसायप्रति सहमत हुनसक्ने शिक्षाविद् भेट्न मुस्किल परिरहेको छ । यद्यपि चार सय हाराहारी मान्छे विश्वविद्यालयका पदाधिकारीका पकेटका हुन्छन् भन्ने त होइन तर यो विज्ञापन कोही कसैका लागि नियोजित हो भन्नेमा धेरैले शंका गरेका छन् । लिखित परीक्षाबिना नै त्रिविको स्थायी प्राध्यापक हुने व्यवस्थालाई स्वीकारयोग्य ठानिएको छैन । यसभन्दा अगाडि पनि यस्तो नभएको होइन तर त्यसले विश्वविद्यालयलाई कुनै फाइदा पुगेको अनुभव कतैबाट गरिएको छैन भन्नेमा नै अधिकांशको मत रहेको पाइन्छ । सहप्राध्यापक र प्राध्यापकहरूका विज्ञापनमा त कुनै विषयमा सबैका सबै पदोन्नति हुने जस्तै अवस्था निर्माण गरिएको छ र धेरै विषयमा योग्य हुँदाहुँदै पनि तीन चौथाइभन्दा बढीले अवसर नपाउने गरी विज्ञापन गरिएको आरोप छ । असी जना प्राध्यापकहरूले अवकाशप्राप्त गरिसकेका विषयहरूमा तीस सिट पनि नखुल्नुलाई विश्वविद्यालयका पदाधिकारीहरूको जिम्मेवारीप्रतिको उत्तरदायित्वमा उदासीनताका रूपमा औंल्याइएको छ । पचास सिट खाली भएका विषयमा दश-बाह्र सिटका लागि मात्रै विज्ञापन खोल्नुलाई प्राध्यापकहरूले पदाधिकारीहरूको अविवेकीपूर्ण निर्णय ठानेका छन् । विश्वविद्यालयले केही दरबन्दीहरू खाली राखी त्यसैका निमित्त विश्वविद्यालय अनुदान आयोगले प्रदान गर्ने रकमबाट पदाधिकारीहरूले गाडी घोडा चढ्ने गर्दछन् भन्ने असत्य नै होइन । देश विदेश भ्रमण र पदाधिकारीहरूको सुखसुविधालाई ध्यानमा राखी विश्वविद्यालयहरूमा भए जति दरबन्दीमा विज्ञापन खोल्न पदाधिकारीहरू इच्छुक हुँदैनन् भन्ने कुरालाई पनि ठाडै नकार्न सकिँदैन तर यसो भन्दैमा विश्वविद्यालयमा वर्षौंदेखि कार्यरत प्राध्यापकहरूको वृत्तिविकासमा ठाडै नकारात्मक असर पर्नेगरी भएका निर्णयमा सबैले सहमति जनाउँछन् भन्ने अपेक्षा राख्न पनि सकिँदैन । त्रिविको यो विज्ञापन विवाद पर्नुमा प्रमुख कारण यही नै हो । त्रिवि र नेपाल संस्कृत विश्वविद्यालयमा नियमको कुरा गर्ने हो भने प्रत्येक छ महिनामा एकपटक रिक्त दरबन्दीमा विज्ञापन खोल्ने भन्नेछ ।

यो नियमलाई यसपटकका पदाधिकारीहरूले मात्रै होइन, वर्षौं अघिदेखिका पदाधिकारीले धज्जी उडाउँदै आएका छन् । त्रिविमा त कसोकसो चार वर्षमा एकपटक विज्ञापन खुल्ने गरेको छ तर संस्कृतमा त यदाकदा बाह्र वर्षसम्म पनि विज्ञापन नखुलेका इतिहास छन् । यसले गर्दा योग्यता, क्षमता र दक्षता सबै भएका शिक्षकहरूले पदोन्नति नपाई नै अवकाश प्राप्त गरेका घटना पर्याप्त छन् तर पनि मौन रहने बानी प्राध्यापकहरूमा परिसकेको हुनाले यो सर्वमान्य जस्तै बनिसकेको छ । निजामतीतर्फ कुनै सचिव आज रिटायर्ड भएमा त्यो ठाउँ भोलि नै भरिन्छ । भोलि नै नभए पनि हप्ता दिन नाघ्ने सम्भावना अत्यन्त न्यून रहन्छ । प्रहरी सेवाका उपल्लो दर्जा वा सेनाका जर्नेलहरूको पद रिक्त भएका घटनाहरू शायदै कसैले सुनेको होला तर प्राध्यापकहरूका दरबन्दी सयौंको संख्यामा खाली रहँदा पनि विभिन्न तहका प्राध्यापक संघहरू र प्राध्यापकहरूकै हकहित निम्ति संघर्षशील रहने उद्घोषका साथ विश्वविद्यालयका मैदानमा रडाको मच्चाइरहने वैचारिक भनिएका प्राध्यापकहरूका संगठनहरू किन चुप रहन्छन् ? आजको सबैभन्दा ठूलो प्रश्न यही बनेको छ । विश्वविद्यालयमा पदोन्नतिका विज्ञापन खुल्दा अपुग संख्याको कुरा त एकातिर छ तर विश्वविद्यालयका पदाधिकारीहरूको नियतले पनि अर्कोतर्फ थुप्रै आशंका पैदा गर्ने गरेका छन् । विश्वविद्यालयमा दरबन्दी निर्धारण गर्दा विभिन्न खाले नीति अपनाउन सकिन्छ । पहिलो, कार्यरत उपप्राध्यापक र सहप्राध्यापकहरूको संख्या अनुसार पिरामिड शैलीमा प्राध्यापकहरूको दरबन्दी निर्धारण गर्ने हो भने पनि कम विवादित हुनसक्दछ । दोस्रो, सबै विषयहरूमा न्यायोचित तबरले उपप्राध्यापक, सहप्राध्यापक र प्राध्यापकहरूको दरबन्दी तोकी खालीमा मात्रै विज्ञापन गर्ने नीति लिएमा पनि कसैले प्रश्न उठाउन पाउँदैन । यी सबै प्रक्रियाभन्दा माथि उठेर विश्वविद्यालयले अँगाल्नुपर्ने नीति भने अर्कै छ । सेवा अवधि, पुस्तक-लेख आदिको प्रकाशन, अध्ययन-अनुसन्धान प्रतिवेदन, शैक्षिक योग्यता आदिको समग्र नम्बर प्राध्यापक वा सहप्राध्यापक हुनका लागि पुगेपछि उम्मेदवारले सेवा आयोगमा आवेदन दिने र आयोगले परीक्षण गरी आवेदित पदका लागि सिफारिश गर्ने कि नगर्ने भन्ने निर्णय लिएमा कसैका लागि पनि अन्याय हुने थिएन । न पदाधिकारीको कोपभाजनमा कोही पर्नुपर्ने थियो न पदाधिकारीको काखामा बसेकै भरमा कसैले मौका पाउने थियो । विज्ञापन खुलिसकेपछि कार्यविधिमा हेरफेर गर्ने, आफ्ना मान्छे हेरेर दरबन्दी निर्धारण गर्ने, शक्तिका आधारमा वा राजनीतिक आस्थाका आधारमा अवसर प्रदान गर्नेजस्ता कुराहरू भइरहे भने जहिलेका विज्ञापन पनि यस्तै आशंकाका भुमरीमा फसिरहन्छन् । विद्यावारिधि पनि नभएको, एउटा लेख पनि प्रकाशन नगरेको र कक्षा देख्दा भाग्नेहरू प्राध्यापक हुने र सबै योग्यता पुगेकाहरूले मौका नपाउने अवस्थाहरू विश्वविद्यालयहरूमा नभएका होइनन् । कोही योग्यता बिनै पनि प्राध्यापक पदमा पुग्ने र कोही विद्वत्ताको कसीमा अब्बल भए पनि उपप्राध्यापक वा सहप्राध्यापक पदबाटै रिटायर्ड हुनुपर्ने अवस्था आइरहन्छन् । कसैलाई बाह्र वर्षको सेवा अवधिमै प्राध्यापक पदमा पुग्ने अवसर प्रदान गर्ने र कसैले पच्चीस वर्ष पुग्दा पनि प्रतिस्पर्धै गर्न नपाउने जस्ता कामहरू भए भने विश्वविद्यालयले ओरालो बाटो समात्ने निश्चित हुन्छ नै । यसरी मुस्किलले चार वर्षमा विज्ञापन खुलेपछि अब त पदोन्नति पाइन्छ कि भनेर आशा गरेका प्राध्यापकहरूलाई सेवा आयोगले ढिलाइ गरी अन्तर्वार्ता दिने मौका प्रदान नगरी बिदाइ गरेका घटना पनि छन् । राजनीतिक आस्थाका आधारमा कसैलाई प्राध्यापक हुने अवसर नदिनका लागि अन्य संगठनका विद्यार्थीहरूले ताला लगाएर वर्षौं सेवा आयोग बन्द गराएका इतिहास पनि ताजै छन् । प्रतिस्पर्धामा अब्बल भएर प्राध्यापक पदका लागि सिफारिश भएका तर सेवा अवधि चार-पाँच महिनामात्रै बाँकी भएका प्राध्यापकलाई नियुक्ति पत्र नदिएर हाजिर हुनै नदिई बिदा गर्न प्रयास गरेका विश्वविद्यालयका पदाधिकारीहरूका बदि्नयतहरू पनि प्रशस्तै देखिएकै छ । त्रिविमा मात्रै होइन कि अन्य विश्वविद्यालयमा समेत पदाधिकारीहरूका यस्ता मनोमानी प्रशस्तै देख्न पाइन्छ । यसैका कारण भुमरीमा फसेका विश्वविद्यालयहरू नेपालमा प्रशस्तै छन् । विश्वविद्यालयका पदाधिकारीहरूले नियम अनुसरण नगर्ने बित्तिकै कारबाही गर्ने कानुनको अभाव एकातिर छ भने दबाबमूलक संस्थाहरूको निष्क्रियता पनि विश्वविद्यालयमा कार्यरतहरूलाई मर्कामा पर्न सघाउने तत्व हुन् । रिक्त दरबन्दीमा छ महिनाभित्रैमा विज्ञापन गरिसक्नुपर्ने व्यवस्था कडाइका साथ पालना भएमात्रै पनि यस्ता विकृतिहरू अन्त्योन्मुख हुनेछन् ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हात पार्न नसकिएला । | **तुला** : आफन्तसँग भेटघाट हुनेछ । आज शुभारम्भको चर्चा चल्नेछ । |
| **वृष** : नियमित खर्चसमेत बढ्ने योग छ । सहकर्मीबाट विरोध आउन सक्छ । | **वृश्चिक** : भूमिबाट लाभ रहला । साथीभाइले पनि सहयोग जुटाउनेछन् । |
| **मिथुन** : आर्थिक कारोबारमा सफलता पाइएला । लाभदायक यात्रा होला । | **धनु** : महत्वपूर्ण कामको थालनी हुनेछ । लक्ष्मी प्रसन्न हुने योग छ । |
| **कर्कट** : ज्ञान सिक्ने मौका मिल्नेछ । आर्थिक क्षेत्रमा राम्रै सफलता मिल्नेछ । | **मकर** : आँटेको काम पुरा हुनेछ । सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **सिंह** : लाभदायक यात्रा हुनेछ । ठीक समयमा सही निर्णय लिन सकिनेछ । | **कुम्भ** : धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । नयाँ काम सुरु गर्ने समय छ । |
| **कन्या** : स्वास्थ्यमा खर्च बढ्नेछ । सानो तिनो समस्यामा अल्झनुपर्नेछ । | **मीन** : तर्क, विवाद र प्रतिस्पर्धामा राम्रो सफलता मिल्नेछ । |

## शिक्षा

# नगरपालिकाभित्रकै विद्यालयमा विद्यार्थीभन्दा शिक्षक बढी



दोलखाको भीमेश्वर नगरपालिकाका केही सरकारी विद्यालयमा विद्यार्थी सङ्ख्याभन्दा शिक्षक बढी हुँदा शिक्षक कामविहीन भएका छन् । विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक दरबन्दी कायम गर्ने र विद्यार्थी सङ्ख्या न्यून भएमा नजिकको विद्यालयमा गाभ्ने नीतिगत व्यवस्था कार्यान्वयन गर्न नसक्दा नगरपालिकाभित्रकै केही विद्यालयमा समस्या देखिएको भीमेश्वर नगरपालिका-१ का अध्यक्ष माधव थामी बताउँछन् ।

विद्यार्थीको अभावमा विद्यालय 'मर्ज' गर्ने नीति कार्यान्वयन गर्न नसक्दा बिसुनटोल आधारभुत विद्यालय, लाकुरीडाँडा प्रावि र माथिल्लो माटी प्राविका शिक्षक हाजिर गरेर दिन कटाउन विवश छन् । तीन शिक्षक कार्यरत रहेको भुमरेडाँडा प्राविमा अहिले दुई विद्यार्थी मात्र अध्ययनरत छन् । जिल्ला सदरमुकामस्थित भीमेश्वर नगरपालिकाले विद्यार्थीको अनुपातमा शिक्षक दरबन्दी मिलान गरी कामकाजमा खटाउन नसक्दा शिक्षकहरु कामविहीन हुन पुगेको स्थानीय समाजसेवीको भनाइ छ । सो नगरपालिकाको पृथ्वीनारायण आधारभूत विद्यालय र महाङ्काल आधारभूत विद्यालयमा पनि विद्यार्थीको अनुपातमा शिक्षक बढी देखिन्छ । त्यस्तै महेन्द्रोदय माविमा पनि विद्यार्थी सङ्ख्याको तुलनामा शिक्षक बढी भएकाले पढाउन पाउने अधिकारबाट शिक्षकहरू वञ्चित हुनपुगेका छन् । क्रमश: विद्यार्थी घट्दै जाँदा सो विद्यालयमा अहिले २६ शिक्षक र ५० को हाराहारीमा विद्यार्थी रहेको देखिन्छ । यसैगरी सबै माविमा पनि पढ्नेभन्दा पढाउनेको सङ्ख्या धेरै हुँदा शिक्षक कामविहीन हुन पुगेका छन् । यसै सन्दर्भमा भीमेश्वर नगरपालिकाको शिक्षा शाखा प्रमुख अर्जुन कार्कीले विद्यार्थी सङ्ख्या 'नील' भए मात्र विद्यालय गाभ्ने व्यवस्था रहेको र नियमित रुपमा विद्यालय नआए पनि अति कम विद्यार्थी भएका विद्यालयको अभिलेखमा भने विद्यार्थी सङ्ख्या उल्लेख्य देखिने गरेकाले सोचेअनुसार समस्या सम्बोधन गर्न कठिन भएको बताए । उनले न्यून विद्यार्थी भएका तथा शिक्षक विद्यार्थी अनुपात नमिलेका विद्यालयको सन्दर्भमा प्राप्त गुनासाहरू सम्बोधन गर्न नगरपालिकाले यथासक्य छिटो सरोकारवाला सम्मिलित बैठक राखी ठोस निर्णय गर्न लागेको जानकारी दिए । शाखा प्रमुख कार्कीका अनुसार पालिकाको एकीकृत विद्यालय सूचना प्रणाली 'इएमआइएस'मा विद्यार्थी देखिए पनि 'फिल्ड'मा त्यस्तो नभएको भन्ने सन्दर्भमा स्थलगत अनुगमनसहित वास्तविकता यकिन गरी स्पष्ट नीति तथा कार्यक्रमका साथ पालिकाभित्रका कम विद्यार्थी रहेका विद्यालय एकापसमा गाभ्ने र विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान गर्नेलगायतका विषय टुङ्ग्याउने पक्षमा पालिका रहेको छ । *-रासस*

# बालबालिकालाई विद्यालयमा दैनिक एक गिलास दूध वितरण



म्याग्दीको मङ्गला गाउँपालिकाले बालविकास केन्द्रमा अध्ययन गर्ने बालबालिकाहरुलाई विद्यालयमा दूध वितरण गर्न थालेको छ । बालविकास केन्द्रका बालबालिकालाई दूध वितरण गर्ने कार्यक्रमलाई मङ्गला गाउँपालिकाले नमुना घोषणा गरेको छ । 'बालबालिकासँग अध्यक्ष' कार्यक्रम अन्तर्गत बालविकास केन्द्रका बालबालिकालाई दैनिक एक/एक गिलास दूध वितरण गरिएको गाउँपालिकाका शिक्षा अधिकृत गणेशबहादुर कटुवालले जानकारी दिए । मङ्गला गाउँपालिकाका पाँच वटा वडामा ४५ वटा बालविकास केन्द्रमा यस वर्ष तीन सय ७७ जना बालवालिका छन । दिवा खाजासँगै दूध वितरण गर्न गाउँपालिकाले प्रति विद्यार्थी १५ का दरले अनुदान उपलब्ध गराउँछ । उक्त कार्यक्रमका लागि चालु आर्थिक वर्ष २०८२/०८३ मा ११ लाख ५० हजार बजेट बिनियोजन गरेको छ । ४४ वटा बालविकास केन्द्र संघीय सरकारबाट अनुमति पाएका हुन् । एक वटा बालविकास केन्द्र गाउँपालिकाले सञ्चालन गरेको छ । तल्लो तहबाटै बालबालिकालाई सामुदायिक विद्यालयमा आकर्षित गर्ने, पोषण अवस्थामा सुधार गर्ने र बालबालिकको विद्यालयमा टिकाउ दर बढाउन गत आर्थिक वर्षदेखि शुरु गरेको दूध वितरण गर्ने कार्यक्रम प्रभावकारी बनेको गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोकाले बताए । बहुक्षेत्रीय पोषणको अवधारणा अनुसार शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रसँग अन्तरसमन्वय हुने कार्यक्रम सञ्चालन गरेको उनले बताए । गत वर्ष यस कार्यक्रमबाट तीन सय ७३ जना बालबालिका लाभान्वित भएका थिए । विद्यालय र बालविकास केन्द्रले गाउँपालिकामा उपलब्ध गराउने विद्यार्थी भर्नाको विवरणको आधारमा खातामा बजेट पठाउने गरिएको छ । विद्यालय र बालविकास केन्द्रले स्थानीय किसानसँग दूध किनेर बालबालिकालाई खुवाउने गरेका छन् । स्थानीय स्तरमै उत्पादन हुने दूधले बजार पाउनुका साथै गाईभैसी पाल्ने किसानलाई प्रोत्साहन मिलेको छ । *-रासस*

# सामुदायिक विद्यालय सुधार कसको जिम्मेवारी ?

**हुमराज भुसाल**

नेपालमा गुरुकुलमा आधारित शिक्षा प्रणालीको अभ्यासदेखि नै सामुदायिक विद्यालयको अवधारणा सुरुवात भएको हो । वि.स. १९९०को दशकपछि नेपालमा विश्वस्तरको सामुदायिक शैक्षिक अभियानको कार्यक्रम वैधानिक तवरबाट सञ्चालनमा आएको थियो । २०औं शताब्दीबाट औपचारिक ढंगले प्राथमिकतामा परेको नेपाली सामुदायिक विद्यालयको शैक्षिक गतिविधि २१औं शताब्दीदेखि सङ्कटमा परेको छ । ०५१ देखि सुरु भएको आन्तरिक युद्धको पहिलो निसानामा सामुदायिक विद्यालयका शिक्षक तथा शैक्षिक संस्थानहरू परे । जसका कारण सामुदायिक शिक्षाको सुधारमा लागेका थुप्रै विज्ञ जनशक्ति वैदेशिक रोजगारीमा जान पाइला चाल्न थाले । यसको ऋणात्मक असर अहिले नेपाली सामुदायिक विद्यालयको सञ्चालन र शैक्षिक प्रशासनमा परेको छ । विशेषगरी नेपाली राजनीतिमा प्रजातन्त्रको पुन:स्थापनापछि देशको शिक्षा र स्वास्थ्यका क्षेत्रमा निजी क्षेत्रको लगानीलाई खुला गरिएको हो । यसले समय अनुसार आफूलाई अघि बढाउँदै लैजाँदा सामुदायिक विद्यालयमा राजनीतिको प्रभाव चरममा पुग्न गयो । यसैले गर्दा वर्तमान समयमा अधिकांश सामुदायिक शिक्षालयहरू विघटनको दोसाँधमा पुगेका छन् । नेपाली सामुदायिक शिक्षालय इतिहासकै कमजोर अवस्थामा पुग्नुका पछाडिका मुख्य कारणहरू निम्न छन् ।

**प्राधानाध्यपकहरुको कार्यशैली**

वर्तमान समयमा नेपालका अधिकांश विद्यालयहरूका प्राधानाध्यपकहरुको कार्यशैली सहकर्मीलाई सहजीकरण गर्ने भन्दा पनि आदेश दिने शैलीको छ । यसले सहकर्मीमा कामप्रतिको लगाव र सृजनशीलतालाई निरुत्साहित गरेको छ । र, यसको सिधा असर विद्यालयको शैक्षिकस्तरमा परिरहेको छ । त्यसैगरि राजनैतिक आस्थाका आधारमा कुनै शिक्षकलाई प्रोत्साहन र कुनैलाई अपमान गर्ने प्रणाली गणतन्त्रको स्थापनापछि बढ्दै जानुलाई सामुदायिक शिक्षालयको घट्दो प्रगतिको कारण मान्न सकिन्छ । सुविधा सम्पन्न स्थानमा रहेका केही सामुदायिक विद्यालयले विद्यार्थीको सङ्ख्यामा वृद्धि गरेको भएता पनि सोही अनुसार गुणस्तरमा वृद्धि गर्न सकिरहेका छैनन् । यसको प्रमुख कारण विद्यालयको प्रशासनिक नेतृत्व नै हो । नाम चलेका सामुदायिक विद्यालयका प्राधानाध्यपकहरु वर्षौंदेखि विद्यालयका कक्षाकोठामा विद्यार्थीसँग साक्षात्कार गरेका छैनन् ।

**विद्यालय व्यवस्थापन समिति अर्थात् गलपासो :** सरकारी तथा सामुदायिक विद्यालय सञ्चालनका लागि गठन गरिने विद्यालय व्यवस्थापन समिति चयन गर्दा राजनीतिक आस्थाका आधारमा मिलीजुली तथा निर्वाचनका माध्यबाट समिति बनाउने प्रचलन नेपाली सामुदायिक शिक्षालयमा कायमै छ । यसले बालबालिकाको शैक्षिक अवस्था सुधारमा गलपासोको काम गरिरहेको छ । कतिपय विद्यालयको व्यवस्थापन त्यस्ता अभिभावकको हातमा गएको छ, जसले आफ्ना छोराछोरीलाई सामुदायिकमा होइन निजी विद्यालयमा पढाउँछन् । तर, सामुदायिक विद्यालयको गुणस्तर सुधार्ने अभिभारा उनैले बोकेका छन् । खासमा भन्ने हो भने उनीहरूलाई सामुदायिक विद्यालयको गुणस्तर सुधार हुन्छ भन्नेमै विश्वास छैन । अधिकांश सामुदायिक विद्यालय व्यवस्थापन समितिको जिम्मेवारी लिनेहरू स्थानीय नेता, साना निर्माण व्यवसायी अर्थात् गैरअभिभावक हुने गरेका छन् । उनीहरूमा विद्यालय कस्तो हुनुपर्छ भन्ने चिन्तन, सचेतना, ज्ञान र अनुभव केही हुँदैन । यसले गर्दा विद्यालयका प्राचार्य र शिक्षकलाई आफ्ना दैनिक गतिविधि सञ्चालनमा समेत प्रभाव परिरहेको हुन्छ । कतिपय सामुदायिक विद्यालयमा त शिक्षकको शैक्षिक योग्यता भन्दा तल रहेका यस्ता समितिका सदस्यहरूले शिक्षकको पठन-पाठनशैलीको पनि अनुगमन र मूल्यांकन गर्ने गरेका छन् । राजनैतिक दलका उम्मेदवारका रूपमा सामुदायिक विद्यालय प्रवेश गरेर उनीहरू खासमा स्थानीय राजनीतिलाई प्रभावित पारिरहेका हुन्छन् । जबकि विद्यालयको गुणस्तर सुधारसँग त्यसको गोरु बेचेको नाता हुँदैन ।

**शिक्षकको अवाञ्छित राजनीतिक चासो** : सामुदायिक विद्यालयको शैक्षिक स्तर घट्दै जानुमा सामुदायिक विद्यालयका शिक्षकले विद्यालयमा आफ्नो खाली समयलाई राजनीतिक बहसमा केन्द्रित गराउनु पनि हो । अधिकांश विद्यालयका शिक्षकहरू कार्यालय र चमेना गृहमा विद्यालयको शैक्षिक अवस्थाका बारेमा भन्दा राजनैतिक नेतृत्वको भविष्यका बारेमा चर्चा-छलफल गरिरहेका हुन्छन् । त्यसैगरी विद्यालयमा शिक्षकको सरुवा तथा अस्थायी नियुक्तिमा पनि अत्यधिक राजनीतिक हस्तक्षेप हुने गरेको छ । सामुदायिक शिक्षा चपेटामा परेको छ । सामुदायिक विद्यालयमा सरकारी र करारगरी दुई प्रकारका शिक्षक रहने गर्छन् तर अधिकांश सामुदायिक विद्यालयका सरकारी शिक्षकले निजी वा करारका शिक्षकलाई दास मानसिकताबाट व्यवहार गर्ने गर्छन् । यसको सिधा असर विद्यार्थीको शिक्षामा परिरहेको हुन्छ । धेरै स्थानीय शिक्षक र कर्मचारीले आफ्ना सन्तान सामुदायिक विद्यालयमा भर्ना गरेर निजी विद्यालयमा पढाउने गरेका छन् । यसको प्रभावकारी अनुगमन र कारबाही प्रक्रिया अगाडि नलैजाँदासम्म विद्यालयको शैक्षिक सुधार योजना कागजमै सीमित हुने निश्चित छ ।

**शिक्षकमा बढ्दो कार्यबोझ :** वर्तमान समयमा नेपाली शिक्षकलाई पाठ्यक्रमको भन्दा धेरै चिन्ता अभिभावकको, स्थानीय दलका नेताको अनावश्यक चासोको, अभिभावक तथा विद्यार्थीको बढ्दो परनिर्भरताको रहने गरेको छ । शिक्षणलाई गुणस्तरीय र प्रभावकारी बनाउनका लागि शिक्षक आफूमात्रै सक्रिय सहभागी भएर पुग्दैन । यसका लागि शिक्षक, विद्यार्थी, अभिभाव र विद्यालय प्रशासन उतिकै सक्रिय हुनुपर्छ । यद्यपि वर्तमान समयमा सबै सरोकारवालाले शिक्षकमाथि नै सबै जिम्मेवारी र दोष थुपार्ने गरेका छन् । त्यस्ता भार बोक्न नसकेर सयौं युवाहरू यो पेसाबाट पलायन भएका छन् । हिजोआज शिक्षकलाई विद्यार्थीको विद्यालय समयको मात्रै नभई बाँकी समयका बारेमा पनि चिन्ता गर्नुपर्ने अवस्था छ । कतिपय अभिभावक, राजनीतिक दलका स्थानीय नेता तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारबाट अनुचित दबाब आउने गर्छ । त्यस्तो अवस्थामा एउटा शिक्षकले स्थानीय राजनीतिक दबाब झेल्छ वा शैक्षिक गुणस्तर सुधारका लागि आफ्नो समय खर्च गर्छ ? यो नै अहिलेको महत्त्वपूर्ण सवाल हो ।

**निजी स्रोत र सरकारी शिक्षक**

एउटा विद्यालयमा स्थानीय अभिभावक तथा चन्दादाताको आर्थिक सहयोगबाट तलब सुविधा पाउने र सरकारबाट तलब सुविधा पाउने दुईखाले शिक्षक हुने गर्छन् । आफ्नो असुरक्षित व्यावसायिक जीवनका बाबजुद पहिलो खाले शिक्षकहरूले विद्यालयको शिक्षा सुधारमा धेरै ठुलो लगानी र श्रम खर्चिरहेका हुन्छन् । तथापि यसमा पनि अपवाद हुनु स्वाभाविक हो । तर, शिक्षक सेवाबाट छनौट भई राज्य कोषबाट तलब खाने स्थायी शिक्षकहरूमा हाकिमे शैली हुने गरेको छ । विद्यालयको एउटै छानोमुनि पनि हाकिम र कामदारको शैलीमा उपस्थित दुई मनोविज्ञानबिच कस्तो शैक्षिक वातावरण सृजना हुन्छ भन्ने सहजै बुझ्न सकिन्छ । उनीहरू विद्यालय स्रोतका शिक्षकलाई शिक्षकको परिभाषामै राख्दैनन् भने त्यसले नयाँ र जुझारु शिक्षकमा निराशा जगाउनु स्वाभाविक हो । यो मनोविज्ञानले सक्षम शिक्षक पनि यदि विद्यालय स्रोतबाट आएको छ भने उसलाई जिम्मेवारी दिनमा तदारुकता र चासो दिइँदैन । सार्वजनिक शिक्षालयहरूको गुणस्तर खस्किनुमा यो मनोविज्ञानले कहीं न कहीं काम गरेकै छ ।

**खुला र बन्द विद्यालय अवधारणा**

गणतन्त्र स्थापनापछि देशमा खुला र ठुला विद्यालयको अवधारणाले प्राथमिकता पाएको छ । यसले जसरी हुन्छ विद्यालयमा विद्यार्थीको सङ्ख्या बढाउने र धेरै सरकारी अनुदान प्राप्त गर्ने भन्ने प्रतिस्पर्धा चलेको छ । यसरी प्रतिस्पर्धा बढाउँदै लैजाँदा विद्यार्थीका वैयक्तिक क्षमताको पहिचान गर्न सकिएको छैन । फरक क्षमता भएका विद्यार्थीलाई पनि एउटै कोठामा राखेर विद्यार्थीलाई सिकाउन शिक्षकहरू बाध्य छन् । यस्तो समस्यालाई समयमै समाधान गर्न नसक्दा पनि सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर बढाउन नसकिएको हो । त्यसो त विश्वव्यापी रूपमा उदारवाद र व्यक्तिवादको अभ्यासले परम्परागत समुदायवाद सङ्कटमा परेको छ । सामूहिक बसाइँसराइ, बजारको आक्रामक विस्तारका कारण परिवारहरूको आर्थिक ढाँचा नै बदलिएको छ । राज्यको वित्तीय एवं प्राविधिक सहयोग र सामुदायिक सक्रियतामा खुलेका विद्यालयहरूको सङ्ख्या अहिले हजारौंमा पुगिसकेको छ । देशभर विस्तारित सामुदायिक विद्यालय शिक्षाको विकासमा युनिसेफ, विश्व बैंक, एसियाली विकास बैंकजस्ता दातृ निकायको आर्थिक तथा प्राविधिक सहायता पनि उल्लेखनीय छ । सहरका सामुदायिक विद्यालयको अवस्था भने अलिक फरक छ । अभिलेख र वास्तविक विद्यार्थीको संख्याबीच त्यति ठुलो अन्तर छैन । अभिभावकको काम गर्ने ठाउँ फेरिइरहने भएकाले झन्डै ३६ प्रतिशत विद्यार्थीले बर्सेनि विद्यालय फेर्छन् । एउटै विद्यालयमा निरन्तर पढिरहनेमा अधिकांश दुर्गम गाउँबाट आएका, विद्यालय जाने उमेर औसत भन्दा बढी भएका, घरेलु बाल श्रमिक भएर काम गर्दै गरेका धेरै छन् । बजारका अधिकांश सामुदायिक विद्यालयको शैक्षिक प्रगतिका आधार आधारभूत तहको शिक्षा संस्थागत विद्यालयमा पुरा गरेका विद्यार्थीहरू नै हुन् । अहिले पनि शिशु कक्षादेखि माध्यमिक तहसम्म सामुदायिक शिक्षालयमा पढेका सहरिया विद्यार्थीको शैक्षिकस्तरले राष्ट्रिय मापदण्ड प्राप्त गर्न सकिरहेका छैनन् । सैद्धान्तिक हिसाबमा स्थानीय सरकारहरूले सामुदायिक विद्यालयको गुणस्तर सुधारबारे निकै काम गरेका छन् । शिक्षा योजना र स्थानीय पाठ्यक्रमको निर्माण यसका उदाहरण हुन । तिनले विद्यालयको भौतिक पूर्वाधार निर्माणमा पनि वित्तीय लगानी बढाएका छन् । विशेषत: सामुदायिक विद्यालय सुधार योजनाले व्यवस्था गरेका यस्ता नीतिगत गतिविधिले सामुदायिक विद्यालयलाई स्थानीय चासोको विषय बनाइदिएका छन् । अन्त्यमा, सामुदायिक शिक्षालाई हामीले साँच्चै सुधार गर्न चाहेका छौं भने विद्यालयमा राजनीतिक हस्तक्षेप बन्द गरी सक्षम शैक्षिक प्रशासन निर्माण गर्नु पर्छ । विद्यालय व्यवस्थापन समितिमा स्थानीय अभिभावक नै राख्नु पर्छ । त्यसैगरी शिक्षकलाई विद्यालय परिसरमा राजनीतिक गतिविधि गर्न बन्देज लगाउनु पर्छ । सार्वजनिक विद्यालय सुधारलाई पाँच वर्षमा शिक्षकहरूको घरपायक सरुवाको व्यवस्था गरिनु पर्छ ।

*-रातोपाटी डटकम*

# साहित्य प्रतिष्ठानद्वारा एघार नारी सम्मानित हुँदै




**पाल्पा,** मंसिर ७/शिक्षा स्वास्थ्य तथा साहित्य प्रतिष्ठान नेपालले एघार जना नारीलाई सम्मान गर्न लागेको छ । प्रतिष्ठानले आफ्नो २० औं वार्षिक दिवस तथा ९७ औं कुलमणि देवकोटा जन्मजयन्तीका अवसरमा उनीहरुलाई सम्मान तथा पुरस्कृत गर्न लागेको हो ।

प्रतिष्ठानले कुलमणि देवकोटा स्मृति प्रतिभा पुरस्कार, लक्ष्मीप्रिय जगत बहादुर जोशी स्मृति पुरस्कार,जगत कुलमणि कविन्द्र त्रिनक्षत्र पुरस्कार,विमला रेग्मी स्वास्थ्य सेवा पुरस्कार , इन्द्रलाल भारती शिक्षा सेवा सम्मान, शक्तिराज रेग्मी सञ्चार सेवा सम्मान बालहरी स्वास्थ्य सेवा पुरस्कार, दीनानाना साहित्य सेवा सम्मान, राधाबद्री स्मृति स्वयंसेवा सम्मान, शिक्षा, स्वास्थ्य, साहित्य प्रतिष्ठान राष्ट्रिय सुसेली सम्मान र तुलठगी शैक्षिक प्रतिभा पुरस्कार गरी साहित्य , शिक्षा, स्वास्थ्य,सञ्चार र समाजसेवाको क्षेत्रमा योगदान पुर्‍याउने ११ नारी व्यक्तित्वलाई सम्मान गर्न गइरहेको प्रतिष्ठानका संस्थापक अध्यक्ष पुष्कर अथक रेग्मीले एनजेडीलाई जानकारी दिए । कार्यक्रममा प्रतिष्ठानले चारवर्षे विमला कमल शैक्षिक छात्रवृत्ति , ज्ञानज्योति शैक्षिक छात्रवृत्ति , नैना नेपाल छात्रवृत्ति र माता दीनकुमारी स्मृति छात्रवृत्ति प्रदान समेत गर्ने छ । जसबाट ३ वटा विद्यालय र ३ वटा क्याम्पसका गरि १५ जना विद्यार्थीले नियमित छात्रवृत्ति प्राप्त गर्ने छन् । प्रतिष्ठानले समय सापेक्ष साहित्यकार जगतबहादुर जोशी, कमलराज रेग्मी , कुलमणि देवकोटा र कविन्द्रमान सिहको स्मृतिमा साहित्यिक कार्यक्रम गर्नुका साथै विभिन्न कृति प्रकाशन लोकार्पण र विमर्श कार्यक्रम गर्दै आएको छ । प्रतिष्ठानका संरक्षक प्रा. डा. प्रकाशराज रेग्मी सहितको उपस्थितिमा समय-समयमा मुटु तथा दन्त परीक्षण शिविर समेत सञ्चालन हुँदै आएका छन् । प्रतिष्ठानले हालसम्म सयौं व्यक्तित्वहरूलाई विभिन्न पुरस्कार ,सम्मान तथा अभिनन्दन गर्दै आएकोमा यस वर्ष यही मंसिर २० गतेका दिन ११ जना नारी व्यक्तित्वलाई सम्मानित गर्ने निर्णय भइसकेकोले नामावली एकैचोटि सम्मान कार्यक्रमका दिन सार्वजनिक गर्ने प्रतिष्ठानका संस्थापक अध्यक्ष रेग्मीले बताए ।

## रामपुरमा धुमधामका ...

...बेहुला पक्षका सचिवालय समिति संयोजक एवं रामपुर ५ का वडा अध्यक्ष दुर्गा प्रसाद पोखरेलले पञ्चेबाजा र रामपुर नगर भित्रका १३ भन्दा बढी जातजातिको सांस्कृतिक झाँकी सहित सीताकुण्ड जन्त लैजानका लागि तयारीको कार्य भइरहेको बताए । उनले भने “वडा नं. ५ को रामघाटबाट जन्त निकाल्ने र राममन्दिरबाट कसार र दहीसहित सगुन दिएर जन्त पठाउने तयारी भइरहेको छ ।” मुख्य पण्डित हरि प्रसाद खनालले विवाह पञ्चमीका दिन विहान रामघाटमा यज्ञ पश्चात ९ बजेको शुभसाइतमा चौरासी पुजा गरिसकेका जेष्ठ नागरिकहरुबाट जन्तीलाई विदाई गर्ने, राममन्दिरबाट सगुन खाएर विदाई पश्चात धार्मिक व्यक्तित्वहरु महन्त, पण्डित, बटुक सहितको पैदल सीताकुण्ड जाने कार्यक्रम रहेको बताए । मौलिक परम्परा अनुसार जन्तीलाई सीताकुण्डमा पुगेपछि माईती पक्षले पर्सिने र स्वागत पश्चात कुण्डमा पण्डितहरुको वैदिक विधि पूर्वक विवाह सम्पन्न गरिने छ । बालनको माध्यमबाट लोकनाटकमार्फत रामसीताको विवाह उत्सवको प्रदर्शनसँगै अन्य जातिय झाँकी प्रदर्शनी ३ बजे जन्ती फिर्ता भई रामघाट मै आएर विवाह उत्सवको विधि पूर्वक समापन गरिने खनालले बताए । विवाह उत्सव भव्यताका साथ सम्पन्न गर्नका लागि रामपुर नगरपालिकाले मङसिर ९ गते नगरपालिका मातहतका कार्यालय, सार्वजनिक विद्यालय तथा संघ संस्थामा सार्वजनिक विदा समेत दिइएको नगरपालिकाका योजना शाखा प्रमुख विक्रम बस्नेतको जानकारी दिए । रामपुर नगर भित्र रामघाट, सीताकुण्ड, राम चुल्हो, राम्चे, राम कुवा लगाएतका धार्मिक स्थलहरु रहेका छन् ।

## सडक मापदण्डभित्रका ...

...क्षतिपूर्ति प्राप्त गर्न मापदण्डभित्र पर्ने संरचना हटाएपछि मात्र भुक्तानी पाउने भएकाले अन्य व्यक्तिको भुक्तानी पनि प्रक्रियामा रहेको उनले बताए । कार्यालयले पहिलो चरणअन्तर्गत एक सय दुई जनालाई क्षतिपूर्ति रकम उपलब्ध गराउन लागेको हो । जिल्लामा मुआब्जा तथा क्षतिपूर्ति निर्धारण समितिबाट भएको निर्णयअनुसार जिल्ला प्रशासन कार्यालयले यसअघि नै क्षतिपूर्ति पाउनेहरूको नामावली सार्वजनिक गरी सम्बन्धित कार्यालयमा सम्पर्क गर्न आग्रह गरेको छ । त्यसका लागि प्रभावित क्षेत्रका घरधनीलाई कार्यालयले मापदण्डभित्र पर्ने घरटहरा र संरचना हटाउन सूचित गरिसकेको छ । क्षतिपूर्ति प्राप्त गर्न सडक स्तरोन्नतिका क्रममा घरटहरा, शौचालय, गोठ तथा अन्य भौतिक संरचनाको आवश्यक कागजात पेस गर्न सम्बन्धित संरचना धनीलाई आग्रहसमेत गरिसकेको सूचना अधिकारी पौडेलले बताए । प्रभावित घरधनीले क्षतिपूर्ति प्राप्त गर्न नागरिकता र लालपुर्जाको प्रतिलिपि, ब्लुप्रिन्ट नक्सा, वडा कार्यालयको सिफारिस, घरधनीको निवेदन, आव २०८२/८३ को तिरो तिरेको रसिद, वडा कार्यालयको मुचुल्का तथा घरको चारैतिर देखिने तस्बिर आवश्यक पर्ने बताइएको छ । मदन भण्डारी राजमार्गअन्तर्गत रिडी(तम्घास सडकखण्डको रिडीदेखि गुल्मीदरबार गाउँपालिकाको रुन्खादहसम्म २५ किलोमिटर सडक स्तरोन्नति र कालोपत्रको काम भइरहेको छ । उक्त सडक स्तरोन्नतिका लागि जिल्लाको रुरुक्षेत्र गाउँपालिका, छत्रकोट र गुल्मीदरबारगाउँपालिकाले निर्माणकार्यलाई सहज र प्रभावकारी बनाउन सडक मापदण्डभित्र पर्ने घरटहरा तथा संरचना हटाउन स्थानीयलाई आग्रह गरेको छ । *(रासस*

खेलकुद समाचार

## महिला टी-२० नेपाल भारतसँग पराजित




**काठमाडौं,** मंसिर ७/दृष्टिविहीन महिला टी-२० विश्वकपको फाइनलमा नेपाल भारतसँग पराजित भएको छ । श्रीलङ्काको कोलम्बोमा रहेको पिसारा ओभल क्रिकेट मैदानमा भएको खेलमा नेपाललाई ७ विकेटले हराउँदै भारतले उपाधि जित्यो । नेपालले दिएको १ सय १५ रनको लक्ष्य भारतले १२ ओभर १ बलमा ३ विकेट गुमाएर भेटायो । भारतकी फुला सरेनले नटआउट ४४ रन बनाइन् । नेपालकी दिल्लीसरा धमलाले १ विकेट लिइन् । यसअघि टस हारेर ब्याटिङ गरेको नेपालले २० ओभरमा ५ विकेट गुमाएर १ सय १४ रन बनायो । नेपालकी सरिता घिमिरेले नटआउट ३३ रन बनाइन् । भारतकी जमुना रानी टुडु र अनु कुमारीले १/१ विकेट लिए । शनिबार भएको सेमिफाइनलमा नेपालले पाकिस्तानलाई ७ विकेटले हराउँदै फाइनलमा पुगेको थियो । यस्तै भारतले सेमिफाइनलमा अस्ट्रेलियालाई ९ विकेटले हराएको थियो । भारत र श्रीलङ्कामा संयुक्त रूपमा आयोजना भएको पहिलो संस्करणको दृष्टिविहीन महिला टी-२० विश्वकपमा नेपाल, भारत, श्रीलङ्कका, पाकिस्तान, अस्ट्रेलिया र अमेरिका गरी ६ वटा टोलीको सहभागिता रहेको थियो ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत
डस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## नेप्से परिसूचक दोहोरो अंकले बढ्यो



**पाल्पा,** मंसिर ७/ साताको पहिलो सेयर कारोबार दिन आइतबार नेप्से परिसूचक दोहोरो अंकले बढेर बन्द भएको छ । धितोपत्र कारोबार मापक नेप्से परिसूचक ३९ दशमलव ९२ अंकले बढेर दुई हजार ६ सय दशमलव २२ को बिन्दुमा पुगेको हो ।

सो अवधिमा ३ सय ३४ कम्पनीको एक करोड ३३ लाख ८१ हजार ९२६ कित्ता शेयर ७६ हजार २८ पटक खरिदबिक्री हुँदा छ अर्ब २८ करोड ६७ लाख ३३ हजार ९ सय १६ बराबरको कारोबार भएको छ । कारोबारमा सामूहिक लगानीबाहेक सबै समूहको उपसूचक बढेका छन् । सागर डिष्ट्रिलरी लिमिटेड, बन्दीपुर केबलकार एण्ड टुरिजम लिमिटेड र झापा इनर्जी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । कारोबारमा सबैभन्दा बढी गुमाउनेमा पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेड रहेको छ । यो हाइड्रोको शेयर मूल्य सात दशमलव ५६ प्रतिशतले घटेको छ । त्यस्तै कारोबार रकमका आधारमा एनआरएन इन्फ्रास्टक्चरको सबैभन्दा बढी ६५ करोड ६० लाख ९१ हजार ९ सय २९ को कारोबार भएको छ भने शेयर संख्याका आधारमा पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेडको ११ लाख ८६ हजार ७८ कित्ता शेयर किनबेच भएको छ ।

तीन कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । सागर डिस्टिलरी,बन्दिपुर,झापा इनर्जीको सेयर १० प्रतिशतले बढ्यो । स्वस्तिक लघुवित्तको सेयर ८ दशमलव १९ प्रतिशतले बढ्दा छ्यांदी हाइड्रोपावरको ६ दशमलव २७ प्रतिशतले बढ्यो । पिपुल्स हाइड्रोपावरको सेयर भने यस दिन सर्वाधिक घट्यो । उक्त कम्पनीको सेयर ७ दशमलव ६५ प्रतिशतले घट्यो । कारोबार रकमका आधारमा एनआरएन इन्फ्रास्टक्चर शीर्षस्थानमा रह्यो । सो कम्पनीको ६५ करोड मूल्य बराबरको कारोबार भयो । पिपुल्स हाइड्रोपावरको ३४ करोड बराबरको सेयर कारोबार हुँदा राधी विद्युतले २१ करोड,नेपाल रिइन्स्योरेन्सको १७ करोड र शिवम् सिमेन्टले १५ करोड बराबरको सेयर कारोबार गरे । कारोबारमा आएकामध्ये २ सय ३७ स्टक्सको मूल्य बढ्दा १८ वटाको घट्यो । २ स्टक्सको मूल्य भने स्थिर रह्यो । म्युचुल फण्डबाहेक अन्य समूहको उपसूचक सकारात्मक देखिए ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई